महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- ४ अङ्क :- १४ महिना :- चैत

## सञ्चार अनुगमन मासिक प्रतिवेदन- चैत २०७१

२०७१ को चैत महिनामा मुलुकभर महिला र बालबालिकामाथि ४४ वटा हिंसाका घटना भएका छन् । राष्ट्रिय दैनिकहरुको अनुगमन गरी तयार पारिएको आँकडामा महिला हिंसासँग सम्बन्धी समाचार २२ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित समाचार पनि त्यक्ति नै संख्यामा प्रकाशित भएका छन् । प्रकाशित समाचारहरुमा महिला तथा बालबालिकाको हत्या, बलात्कार, कुटपिट, घरेलु हिंसा, यौनजन्य हिंसासँग सम्बन्धित घटनाहरु रहेका छन् ।

शारीरिक रुपमा अशक्त ७० बर्षीया वृद्धा महिलालाई बलात्कार गरेको, बालिकालाई चकलेट खुवाएर र मोबाइल फोन खेलाउन दिएर अबोधपनको फाइदा उढाउँदै र लोभलालच तथा डरधम्की दिएर यौन पिपाषुहरुले बलात्कार गरेको समाचार प्रकाशित भएका छन् । त्यसैगरी प्रहरीबाट दुई किशोरीहरु बलात्कृत भएका छन् । दाइजो कम ल्याएको आरोपमा हिंसा खेपिरहेकी युवतीको हत्या भएको छ । आफ्नै श्रीमान्ले घरेलु हतियार प्रयोग गरी श्रीमतीको घाँटी रेटी हत्या गरेको समाचार पनि प्रकानमा आएको छ । यो महिला र बालबालिकामाथि भएको हिंसा को उदाहरण हो ।

गोरखा ताकु ८ राति आफ्नै घरमा सुतिरहेकी ७० बर्षीया वृद्धालाई छिमेकी मंगलबहादुर बरामले बलात्कार गरेका छन् । बलात्कार गरेको अभियोगमा प्रहरीले बरामलाई पक्राउ गरेको छ । *(अन्नपूर्ण पोष्ट २०७१ चैत ३०)*

पोखरा मियाँपाटनका बालिकालाई चकलेट खुवाएर र मोबाइल फोन खेलाउन दिएर बलात्कार गरेको आरोपमा स्थानीयले एक युवकलाई समातेर प्रहरीलाई बुझाएका छन् । बाग्लुङ्गको बुर्तिवाङ १ घर भई पोखरा पाउना लाग्न आएका भवन्ते विकले दुई बालिकालाई ललाईफकाई बलात्कार गरेको अभियोगमा पक्राउ गरेको प्रहरीले जनाएको छ । *(अन्नपूर्ण पोष्ट २०७१ चैत २४)*

बुटबलमा दाइजो कम ल्याएको आरोपमा हिंसा खेपिरहेकी युवतीको हत्या भएको छ । उनलाई उनकै परिवारले हत्या गरेका आरोप माइती पक्षले लगाएको छ । *(कान्तिपुर दैनिक २०७१ चैत १७)*

काभ्रेको पनौतीमा बाटो हिडिरहेका दुई किशोरीलाई प्रहरीले नै बलात्कार गरेका छन् । पनौतीस्थित सिबिन बालिका शान्तिगृहबाट निस्केर राती साढे १० बजे सडकमा हिडिरहेका बेला हवल्दार सम्भु राउत अहिर र जवान श्रीराम साहले बलात्कार गरेका हुन् । *बर्ष* १५ र १७ का दुई किशोरीलाई पनौती बसपार्कको प्रहरी बिट छेउमा उनीहरुले बलात्कार गरेका थिए । *(कन्तिपुर दैनिक २०७१ चैत २९)*

नवलपरासीको अर्खला गाविस ९ कोखेमा श्रीमानले आफ्नै श्रीमतीको घाँटी रेटी हत्या गरेका छन् । आफूसँगै नुहाउन र कपडा धुन पँधेरा गएकी २१ बर्षीया श्रीमती रीता बिकलाई बाखालाई घाँस काट्न भन्दै लगेको खुर्पाले घाँटी रेटेर दुई टुक्रा पारी हुमबहादुर बिकले बीभत्स तरिकाले हत्या गरेको थिए । श्रीमती हत्या गर्ने विकलाई प्रहरीले पक्राउ गरेको छ । *(नेपाल समाचारपत्र २०७१ चैत २८)*

राजधानीबाट प्रकाशित पाँच दैनिक गोरखापत्र, कान्तिपुर, नागरिक, नेपाल समाचारपत्र र अन्नपूर्ण पोष्टका अनुसार यस महिनामा ५ महिलाको हत्या भएको छ भने त्यतिनै संख्यामा महिला सामूहिक बलात्कारको शिकार भएका छन् । बेचविखनमा ४ जना परेका छन् । बलात्कारमा ३, दाइजो पीडित २ त्यसैगरी हत्या प्रयास, बोक्सी आरोप र कुटपिटमा १-१ जना महिला पीडित भएका छन् ।




अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना २२ वटा पहिचान गरेका छन् । त्यसमध्ये एक बालक र एक बालिकाको हत्या भएको छ । बलात्कारको शिकारमा परेका ९ बालिकाको मार्मिक विवरण छापिएको छ । त्यसैगरी ५ बालबालिका विभिन्न कारणबाट अलपत्र परेको समाचार प्रकाशमा आएको छ भने सामूहिक बलात्कार र यौनदुर्व्यवहारबाट ३-३ बालिका पीडित भएको पाइएको छ ।



मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हतियारजन्य हिंसासँग सम्बन्धित घटनाको पनि अनुगमन गरेको छ । अखबारहरुका अनुसार चैत महिनामा महिला र पुरुष गरी २२ जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा १९ पुरुष, ३ महिला प्रभावित भएको सञ्चार अनुगमनका क्रममा पाइएको छ । प्रभावित हुने पुरुषमा ५ को मृत्यु भएको छ भने १४ घाइते छन् । त्यसैगरी ३ महिलाको मृत्यु भएको पाइएको छ ।




हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल ७, मध्यमाञ्चल ९, पश्चिमाञ्चल ११ र सुदूरपश्चिमाञ्चलमा ५ रहेको देखिन्छ ।




जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।